डिभिजन वन कार्यालय कास्कीको

# वन्यजन्तु उद्धार, पशुधन क्षति र राहतको विवरण









**डिभिजन वन कार्यालय कास्की**

**असार, २०८०**

**डिभिजन वन कार्यालय कास्कीको वन्यजन्तु उद्धार, पशुधन क्षति र राहतको विवरण (आ.व. २०७९।२०८०)**

**सल्लाहकार**

श्री केदार बराल, डिभिजनल वन अधिकृत

**तयार गर्ने**

श्री माधुरी खड्का, सहायक वन अधिकृत

**सहयोग गर्ने**

श्री विनय अधिकारी, व्यवस्थापक, पचभैंया प्राणी उद्यान केन्द्र

श्री प्रतिमा काफ्ले, इन्टर्न, डि.व.का, कास्की

# दुई शब्द

विगतको केही वर्षहरु देखि नेपालभर मानव वन्यजन्तु द्धन्द बढ्दै गइरहेको छ र कास्की जिल्ला पनि यो समस्याबाट ग्रस्त रहेको छ। वनक्षेत्र भित्र वन्यजन्तुका लागी आवश्यक पर्ने आहारा, पानी र लुक्ने स्थानको कमी भएमा वन्यजन्तुहरु मानववस्तीमा प्रवेश गर्दछन्। वन्यजन्तुको बासस्थान विनास, आहारा प्रजातीहरुको चोरी शिकारी, वन डढेलो जस्तो मानवीय कारणहरुले पनि मानव वन्यजन्तुको द्धन्द बढि रहेको पाइन्छ। डिभिजन वन कार्यालय कास्कीबाट वन्यजन्तुको बासस्थान सुधार, घाइते टुहुरा वन्यजन्तुहरुको उद्धार, समस्या सिर्जना गर्ने वन्यजन्तुको व्यवस्थापन तथा वन्यजन्तुबाट भएको जनधनको क्षतिको राहत वितरण जस्ता कार्यहरु सन्चालन गरि मानव वन्यजन्तु विचको सह अस्तित्व कायम गर्ने प्रयासहरु भैरहका छन्। पोखरा महानगरपालिका वडा नं. ३०,३१ र ३२ मा रहेको पचभैया वन्यजन्तु उद्धार केन्द्रमा घाइते वन्यजन्तुहरुको उपचार र उद्धार गरि तन्दुरुस्त भए पछि प्राकृतिक बासस्थानमा छाड्ने तथा मानविय जिउधन क्षति गर्ने हिंस्रक वन्यजन्तुहरुको व्यवस्थापन गर्ने कार्य समेत भैरहेको छ।

यस पुस्तिकामा डिभिजन वन कार्यालय कास्कीले विगत पाँच आर्थिक वर्षहरुमा गरेका वन्यजन्तुको उद्धार, वन्यजन्तुबाट भएका क्षतिको विवरण र सो वापत वितरण गरिएको राहतको विवरणलाइ सार्वजनिकिरण गर्ने प्रयास गरिएको छ। यसको अलावा पचभैया वन्यजन्तु उद्धार केन्द्रको परिचय र सो केन्द्रमा भएका गतिविधीहरु समेतलाइ यसमा समेटिएको छ। नेपाल सरकारबाट जारी भएको वन्यजन्तुको क्षतिको राहत निर्देशिकामा भएका व्यवस्थाहरु बारे सर्वसाधारणलाई जानकारी दिने समेत यस पुस्तिकाको उद्धेश्य रहेको छ।

उल्लेखित महत्वपूर्ण जानकारीहरुलाइ समेटी पुस्तकको आकार प्रदान गर्न अथक मिहेनत गर्नुहुने यस कार्यालयका सहायक वन अधिकृत माधुरी खड्का साथै यस कार्यमा सहयोग गर्नुहुने पचभैया वन्यजन्तु उद्धार केन्द्रका व्यवस्थापक विनय अधिकारी र इन्टर्न प्रतिमा काफ्लेलाइ हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु।

केदार वराल<br>
डिभिजनल वन अधिकृत<br>
असार, २०८०

## विषयसूची


भाग १ कास्की जिल्लाको परिचय ........ 5

**१.१ सामान्य परिचय** ........ 5

**१.२ हावापानी** ........ 6

**१.३ जल सम्पदा** ........ 6

**१.४ भू-उपयोग** ........ 7

**भाग २ कास्की जिल्लामा पाइने वन्यजन्तुको विवरण** ........ 8

**२.१ स्तनधारी वन्यजन्तुहरु, चरी, घर्सने प्रजाति, माछा** ........ 8

**२.२ वन्यजन्तुको लागि महत्वपूर्ण मानिएका स्थानहरु** ........ 13

**भाग ३ वन्यजन्तुबाट हुने क्षतिको राहत** ........ 14

**३.१ राहत वितरण** ........ 14

**३.२ राहत रकम प्राप्त गर्नका लागि पेश गर्नुपर्ने प्रमाणहरु** ........ 15

**३.३ राहत रकमको हद रु.** ........ 15

**भाग ४ चिडियाखाना एवं वन्यजन्तु  उद्धार केन्द्र स्थापना कार्यक्रम** ........ 17

**४.१ आयोजना स्थल** ........ 17

**४.२ कार्यक्रमको प्रमुख विशेषताहरु** ........ 17

**४.३ कार्यक्रमको लक्ष्य** ........ 18

**४.४ कार्यक्रमको उद्धेश्य** ........ 18

**भाग ५ उद्धार, क्षति तथा राहतको विवरण** ........ 19

**५.१ वन्यजन्तु उद्धार तथा व्यवस्थापनको विवरण** ........ 19

**५.२ वन्यजन्तुबाट भएको क्षतिको विवरण** ........ 20

**५.३ वन्यजन्तुबाट भएको क्षतिको राहत रकम सम्बन्धि विवरण** ........ 20

**५.४ मानव वन्यजन्तु द्धन्द्धको प्रकार** ........ 22

**५.६ वन्यजन्तु उद्धार तथा घाइते हुनका कारणहरु** ........ 22

**५.७ डिभिजन वन कार्यालयमा द्धन्द न्युनिकारण गर्न अपनाईएका प्रयासहरु** ........ 22

**५.८ मानव वन्यजन्तुबीचको द्धन्द न्युनिकारण गर्न ध्यान दिनुपर्ने कुराहरु** ........ 23

अनूसूची १ : घाइते तथा मृत वन्यजन्तुको उद्धार तथा व्यवस्थापन विवरण ........ 24

अनूसूची २: वन्यजन्तुबाट भएको क्षति तथा राहतको विवरण ........ 26

# भाग १ कास्की जिल्लाको परिचय

## १.१ सामान्य परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत ११ जिल्लामध्ये तुलनात्मक रूपमा सुगम पहाडी जिल्लाको रूपमा रहेको कास्की जिल्ला समुद्र सतहबाट न्युनतम ४०२ देखि अधिकतम ८०९१ मिटरको उचाईसम्म फैलिएर रहेको छ। नेपाल राज्यको केन्द्र भागमा अवस्थित कास्की जिल्लाको आफ्नै ऐतिहासिक महत्व रहेको छ। माछापुच्छ्रे र अन्नपूर्ण हिमालको दक्षिणी काखमा अवस्थित प्राकृतिक सौन्दर्यताले भरिपूर्ण यस जिल्लाको अधिकांश स्थानबाट मनोरम हिमश्रृङ्खलाहरूको दृश्यावलोकन गर्न सकिन्छ। भौगोलिक तथा सांस्कृतिक विविधताको साथै आकर्षक पर्यावरणको कारण यो जिल्ला विश्वकै पर्यटकहरूको लागि आकर्षणको केन्द्र बन्न पुगेको छ।

जिल्ला विकास समितिको रेकर्डमा यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टर देखिए पनि प्राप्त नक्शा अनुसार २०८४७६ हेक्टर देखिन्छ , जसमध्ये कुल वन क्षेत्रफल ९४०३७ हे. (४६.६२%) रहेको छ। यस जिल्लाको कूल क्षेत्रफलको २७.९०% (२६२३२.९५ हे.) डिभिजन वन कार्यालयद्धारा व्यवस्थित वन क्षेत्रमा पर्दछ , ६९.६६% (६५,५०६.०३ हे.) अन्नपूर्ण संरक्षण क्षेत्रले ओगटेको छ र २.४४ %(२२९८.२४ हे.) पञ्चासे संरक्षित वन क्षेत्रमा पर्दछ।

कास्की जिल्लामा हाल संघिय प्रतिनिधी सभाको लागि ३ वटा निर्वाचन क्षेत्र तथा प्रादेशिक सभाका ६ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। यस जिल्लामा एक महानगरपालिका र चार वटा गाउँपालिकाहरु स्थानीय तहमा विभाजन गरिएको छ। पोखरा महानगरपालिकामा ३३ वडा र चार वटा गाउँपालिकामा ३९ वटा वडा गरी जम्मा ७२ वटा वडामा बाँडिएको छ।

**कास्की जिल्लाको राजनीतिक तथा प्रशासनिक विभाजन**

| क्र. सं. | स्थानिय तह | | | क्षेत्रफल (वर्ग कि. मी.) |
|---|---|---|---|---|
| | नाम | केन्द्र | वडा संख्या | |
| १ | पोखरा महानगरपालिका | पोखरा | ३३ | ४६४.२४ |
| २ | अन्नपूर्ण गाउँपालिका | लुम्ले | ११ | ३५०.३७ |
| ३ | माछापुछ्रे गाउँपालिका | लहाचोक | ९ | ५४४.५८ |
| ४ | मादी गाउँपालिका | याम्जाकोट | १२ | ५६३ |
| ५ | रूपा गाउँपालिका | रुपाकोट | ७ | ९४.८१ |
| जम्मा | | | ७२ | २०१७ |

श्रोत: नेपाल राजपत्र, नेपाल सरकार, २०७३/११/२७

**जिल्लाको भौगोलिक अवस्था**

| सि. नं . | विवरण | मान |
|---|---|---|
| १ | अक्षांस | २८.०६’ देखि २८.३६’ उत्तर अक्षांस |
| २ | देशान्तर | ८३.४०’ देखि ८४.१२’ पूर्व देशान्तर |
| ३ | सिमाना | पूर्व: लमजुङ र तनहुँ |
| | | पश्चिम: स्याङजा र पर्वत |
| | | उत्तर : मनाङ र म्याग्दी |
| | | दक्षिण: स्याङजा र तनहुँ |
| ४ | क्षेत्रफल | २०१७ वर्ग कि. मी. (२०१७०० हेक्टर) |
| ५ | औषत लम्बाई | करीब ६३ कि. मी., हवाई दुरिमा |
| ६ | औषत चौडाई | करीब ५० कि. मी., हवाई दुरिमा |

## १.२ हावापानी

जिल्लाको भू–धरातलीय बनावटमा पाइने विविधताको परिणामा स्वरूप जलवायुमा पनि निकै बिषमता पाइन्छ। दक्षिणी होचो मैदानी र नदीका बेसीमा गृष्मकालमा ज्यादै गर्मी र हिउँदमा चिसो हुन्छ भने उत्तरी हिमाली भेगमा गृष्ममा पनि चिसो र हिँउद निकै ठण्डा हुन्छ। तापक्रम, वर्षा र मौसमको वितरणका आधारमा जिल्लामा निम्न पाँच प्रकारका हावापानी रहेको पाइन्छ।

१. उप–उष्ण जलवायु **(Sub-tropical climate**) : जिल्लाको दक्षिणी भागमा होचो क्षेत्रमा १५०० मीटर उचाई सम्म पाइन्छ।

२. समशीतोष्ण **(Temperate climate )** : मध्य पहाडी क्षेत्रका १५०० मीटर देखि २००० मीटर सम्मको उचाई क्षेत्रमा पाइन्छ।

३. समशीतोष्ण चिसो **(Temperate cold climate)** : पहाडी क्षेत्रका २००० मीटर देखि ३००० मीटर सम्मको उचाईमा यो पाइन्छ। जिल्लाको प्रायजसो यस क्षेत्रमा मिश्रित कोणधारी जंगल फैलिएको छ।

४. चिसो लेकाली हावापानी **(Alpine climate)** : ३००० मीटर देखि माथी ४५०० मीटर सम्म उच्च लेकाली हावापानी पाइन्छ। यो क्षेत्र हिउँदमा हिउँ भित्र रहन्छ भने गृष्ममा न्यानो रहन्छ। घाँस, जडिवुडी र चरनका लागि यो क्षेत्र अति उपयोगी छ।

५. उच्च हिमाली हावापानी **(Tundra climate)** : ४५०० मीटर भन्दा माथि सधै भरी हिउँले ढाकिने क्षेत्रमा यो क्षेत्र पर्दछ।

श्रोत : तथ्याङ्क कार्यालय, कास्की २०७४

## १.३ जल सम्पदा

मुख्य नदीनालाहरू : सेती, मादी, मोदी
मुख्य खोलाहरू : विजयपुर, कोत्रे, इदी, कालि, सार्दी, हर्पन, फुस्रे, काहुँ, मर्दी, घोवाङ्ग
प्रमुख तालहरू : फेवाताल, वेगनासताल, रूपाताल, दिपाङ्गताल, मैदीताल, न्युरेनीताल, कमलपोखरी, खास्टेताल, गुदेताल, बुढ्वाताल, स्यार्खुताल
कुण्ड : शान्ति कुण्ड

झरना : पातले छाँगो (डेभिस फल्स)

स्रोत : जि.वि.स., कास्की, २०६७

## १.४ भू-उपयोग

यस जिल्लाको कुल क्षेत्रफल: २,०१,७०० हेक्टर जिल्ला समन्वय समितिको रेकर्डमा देखिए पनि प्राप्त नक्शा अनुसार २०८४७६ हेक्टर देखिन्छ। जसको स्वरुप तालिका—१५ वमोजिम रहेको छ।

### जिल्लाको भू—उपयोगिताको अवस्था

| क्र. सं. | भू- उपयोगको विवरण | जम्मा क्षेत्रफल | जम्मा प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र<br>1. खेत<br>• वर्षे सिंचाई<br>• बाह्रैं महिना सिंचाई<br>2. पाखो | <br>२६९५०<br>१५२४० (५६.५५%)<br>११७१० (४३.४५%)<br>२१९९६ | २४.२७ |
| २ | वन जंगल तथा झाडी | ९४२०१.८९ | ४६.७ |
| ३ | आवास क्षेत्र | १९८१० | ९.८२ |
| ४ | चट्टान, हिउ र अन्य क्षेत्र | ३८७४२.११ | १९.२१ |
| | **जम्मा** | २०१७००० | १०० |

# भाग २ कास्की जिल्लामा पाइने वन्यजन्तुको विवरण

## २.१ स्तनधारी वन्यजन्तुहरु, चरी, घर्सने प्रजाति, माछा

वन्यजन्तुको विवरण र उपलब्धता मुख्यतया वासस्थानको किसिममा भर पर्दछन्। वन क्षेत्रमा विभिन्न किसिमका स्तनधारी, चरा, सरिसृप तथा नजिकको नदिनालामा असला प्रजातीका माछा समेतका जीवहरु स्थलगत अध्ययन भ्रमणको क्रममा देखिएको आएको छ।

**कास्की जिल्लामा पाइने स्तनधारी जनावरको विवरण**

| क्र. सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम | CITES | IUCN |
|---|---|---|---|---|---|
| १ | चितुवा | Leopard | *Pantharus pardus* | I | LR/lc |
| २ | वन विरलो | Jungle cat | *felis chaus* | II | Lr/lc |
| ३ | स्याल | Golden Jackal | *Canis aureus* | III | |
| ४ | मलसाप्रो | Yellow throated Marten | *Martes flavigula* | III | |
| ५ | ओंद | Smooth Otter | *Lutra perspicillata* | | V |
| ६ | खैरो लोखर्के | Hoary bellied Squirrel | *callosciurus pygerythrus* | | |
| ७ | दुम्सि | Indian Porcupine | *Hystrix indica* | | |
| ८ | न्याउरी मुसो | Common Mongoose | *Herpestes edwaqrdisii* | III | |
| ९ | रातो बाँदर | Rhesus Macaque | *Macaca mulatta* | II | |
| १० | लंगुर बाँदर | Common Langur | *Preshytes entellus* | I | |
| ११ | रतुवा मृग | Barking Deer | *Muntiacus muntjak* | | |
| १२ | चमेरो | Fruit Bat | *Rousettus spp* | | |
| १३ | चमेरो (ठूलो) | Flying fox | *Pteropus giganteus* | | |
| १४ | कालो भालु | Black Bear | *Ursus tibetana* | | |

श्रोत: स्थलगत अध्ययन तथा अभिलेख

**कास्की जिल्लामा पाइने पंक्षीको विवरण**

| सि. न. | Common Name | Scientific Name | नेपाली नाम |
|---|---|---|---|
| १ | Tibetan Snowcock I | *Tetraogallus tibetanus* | कोडमा हिउकुखुरा |
| २ | Blood Pheasant II | *Ithaginis cruentus* | चिलिमे |
| ३ | Satyr Tragopan III # | *Tragopan satyra* | मुनाल |
| ४ | Himalayan Monal I # | *Lophophorus impejanus* | डाफे |
| ५ | Cheer Pheasant * *VU* II # | *Catreus wallichii* | चीर |

| | | | |
|---|---|---|---|
| ६ | Common Pochard * *VU* | *Aythya ferina* | केलो टाउके हास |
| ७ | Slaty-headed Parakeet II | *Psittacula himalayana* | मदना सुगा |
| ८ | Red-breasted Parakeet II | *Psittacula alexanderi* | कागभेला सुगा |
| ९ | Mountain Scops Owl II | *Otus spilocephalus* | लेकाली उलुक |
| १० | Oriental Scops Owl II | *Otus sunia* | लोखर्के उलुक |
| ११ | Collared Scops Owl *II* | *Otus bakkamoena* | चिवी उलुक |
| १२ | Eurasian Eagle Owl II | *Bubo bubo* | हाप्सिलो |
| १३ | Spot-bellied Eagle Owl II | *Bubo nipalensis* | महाकौशिक |
| १४ | Brown Fish Owl II | *Ketupa zeylonensis* | मलाह हुचिल |
| १५ | Brown Wood Owl II | *Strix leptogrammica* | चश्मे उलुक |
| १६ | Tawny Owl II | *Strix aluco* | कैलो पहाडी उलुक |
| १७ | Collared Owlet II | *Glaucidium brodiei* | सानो डुन्डुल |
| १८ | Asian Barred Owlet II | *Glaucidium cuculoides* | ठूलो डुन्डुल |
| १९ | Jungle Owlet II | *Glaucidium radiatum* | डुन्डुल |
| २० | Little Owl II | *Athene noctua* | हिमाली कोचलगाडे |
| २१ | Spotted Owlet II | *Athene brama* | कोचलगाडे लाटोकोसेरो |
| २२ | Long-eared Owl II | *Asio otus* | लामकाने लाटोकोसेरो |
| २३ | Short-eared Owl II | *Asio flammeus* | लधुकर्ण लाटोकोसेरो |
| २४ | Demoiselle Crane II | *Grus virgo* | कर्याङ कुरुङ सारस |
| २५ | Common Crane II | *Grus grus* | लक्ष्मण सारस |
| २६ | Wood Snipe * *VU* | *Gallinago nemoricola* | वन चाहा |
| २७ | Osprey II | *Pandion haliaetus* | मलाहा चिल |
| २८ | Oriental Honey-buzzard II | *Pernis ptilorhyncus* | मधुहा |
| २९ | Black-shouldered Kite<br><br>(Black-winged Kite) II | *Elanus caeruleus* | मुसे चिल |
| ३० | Black Kite (Black-eared Kite) II | *Milvus migrans* | कालो चिल |
| ३१ | Pallas's Fish Eagle * *EN*, II | *Haliaeetus leucoryphus* | बोक्सी चिल |
| ३२ | White-tailed Eagle I | *Haliaeetus albicilla* | कडम चिल |
| ३३ | Lammergeier (Bearded Vulture)II | *Gypaetus barbatus* | हाडफोर |
| ३४ | Egyptian Vulture* *EN*, II | *Neophron percnopterus* | सेतो गिद्ध |
| ३५ | White-rumped Vulture * *CR*, II | *Gyps bengalensis* | डगर गिद्ध |
| ३६ | Slender-billed Vulture * *CR*, II | *Gyps tenuirostris* | सानो खैरो गिद्ध |
| ३७ | Himalayan Griffon (Himalayan Vulture) II | *Gyps himalayensis* | हिमाली गिद्ध |
| ३८ | Eurasian Griffon (Griffon Vulture) II | *Gyps fulvus* | खैरो गिद्ध |
| ३९ | Cinereous Vulture II | *Aegypius monachus* | राज गिद्ध |
| ४० | Red-headed Vulture * *CR*, II | *Sarcogyps calvus* | सुन गिद्ध |

| | | | |
|---|---|---|---|
| ४१ | Short-toed Snake Eagle II | *Circaetus gallicus* | सर्पहारी गिद्ध |
| ४२ | Crested Serpent Eagle II | *Spilornis cheela* | काकाकुल |
| ४३ | Eurasian Marsh Harrier (Western Marsh Harrier) II | *Circus aeruginosus* | सिम भुईचील |
| ४४ | Pied Harrier II | *Circus melanoleucos* | आब्लाक पेटाहा भुईचील |
| ४५ | Hen Harrier II | *Circus cyaneus* | चल्लाचोर भुईचील |
| ४६ | Pallid Harrier II | *Circus macrourus* | श्वेत भुईचील |
| ४७ | Montagu's Harrier II | *Circus pygargus* | मोन्टागो भुईचील |
| ४८ | Northern Goshawk II | *Accipiter gentilis* | बलाकाक्ष बनबाज |
| ४९ | Crested Goshawk II | *Accipiter trivirgatus* | कल्की बसेरा |
| ५० | Shikra II | *Accipiter badius* | शिक्रा |
| ५१ | Besra II | *Accipiter virgatus* | बसेरा |
| ५२ | Eurasian Sparrowhawk II | *Accipiter nisus* | वनबाज |
| ५३ | White-eyed Buzzard II | *Butastur teesa* | जमल श्येनबाज |
| ५४ | Common Buzzard II | *Buteo buteo* | श्येनबाज |
| ५५ | Long-legged Buzzard II | *Buteo rufinus* | लामखुट्टे श्येनबाज |
| ५६ | Upland Buzzard II | *Buteo hemilasius* | पहाडी श्येनबाज |
| ५७ | Black Eagle II | *Ictinaetus malayensis* | द्रोणक चील |
| ५८ | Indian Spotted Eagle * VU, II | *Aquila pomarina* | लघु महाचील |
| ५९ | Greater Spotted Eagle * VU, II | *Aquila clanga* | जीवहार महाचील |
| ६० | Tawny Eagle II | *Aquila rapax* | राग महाचील |
| ६१ | Steppe Eagle * EN, II | *Aquila nipalensis* | गोमायु महाचील |
| ६२ | Imperial Eagle (Eastern Imperial Eagle) * VU, I | *Aquila heliaca* | रणमन महाचील |
| ६३ | Golden Eagle II | *Aquila chrysaetos* | सुपर्ण महाचील |
| ६४ | Bonelli's Eagle II | *Hieraaetus fasciatus* | मोरडी चील |
| ६५ | Booted Eagle II | *Hieraaetus pennatus* | काधचन्द्र चील |
| ६६ | Mountain Hawk Eagle II | *Spizaetus nipalensis* | पहाडी शदलचील |
| ६७ | Lesser Kestrel II | *Falco naumanni* | सानो बौडाई |
| ६८ | Common Kestrel II | *Falco tinnunculus* | बौडाई |
| ७९ | Amur Falcon II | *Falco amurensis* | अमुर बाज |
| ७० | Merlin II | *Falco columbarius* | सानो बाज |
| ७१ | Eurasian Hobby II | *Falco subbuteo* | जुगे चिरान्तक बाज |
| ७२ | Oriental Hobby II | *Falco severus* | चिरान्तक बाज |
| ७३ | Saker Falcon * *EN*, II | *Falco cherrug* | तोप बाज |
| ७३ | Peregrine Falcon I | *Falco peregrines* | शाही बाज |
| ७५ | Asian Woollyneck * *VU* | *Ciconia episcopus* | लोभीपापी गरुड |
| ७६ | Red-billed Leiothrix II | *Leiothrix lutea* | रोचिष्णु मिसिया |

**कोडहरु**

* : Globally Threatened
*EN* : Endangered
# : Protected by National Parks and Wildlife Conservation Act 1973
I, II, III: CITES Appendices
*VU* : Vulnerable
*CR* : Critically Endangered

श्रोत: Baral R., (2018)

## कास्की जिल्लामा पाइने माछाहरुको विवरण

| क्र. सं. | नेपाली नाम | **Genus** | **Species** | **Family** | **Remark** |
|---|---|---|---|---|---|
| १ | कत्ले | *Acrossocheilus* | *hexagonolepis* | Cyprinidae | Common |
| २ | बुदुना | *Garra* | *gotyla* | Cyprinidae | Common |
| ३ | लोहरी बुदुना | *Garra* | *annandalei* | Cyprinidae | |
| ४ | फगेटा | *Barilius* | *shacra* | Cyprinidae | |
| ५ | गुर्दी, रहु | *Labeo* | *dero* | Cyprinidae | |
| ६ | असला | *Schizothorax* | *molesworthii* | Cyprinidae | Common |
| ७ | सहर, महासिर | *Tor* | *putitoa* | Cyprinidae | |
| ८ | गडेला पाटेगोईरा | *Noemacheilus* | *beavani* | Cobitidae | |
| ९ | बाघी | *Botia* | *almorhae* | Cobitidae | |
| १० | गोच, बघई | *Bagarius* | *bagarius* | Cobitidae | |
| ११ | चेपा | *Glypthorax* | *cavia* | Cobitidae | |
| १२ | कब्रे | *Pseudechenis* | *sulcatus* | Cobitidae | Common |
| १३ | राजबाम | *Anguilla* | *bengalensis* | Anguillidae | |
| १४ | बम | *Amphipnous* | cuchia | Amphipnoidae | |

## कास्की जिल्लामा पाइने सरिसृप र अन्य प्रजातीको विवरण

| क्र. सं. | नेपाली नाम | **English name** | **Scientific name** | **Family** | **CITES** | **IUCN** |
|---|---|---|---|---|---|---|
| १ | सर्प | Common Cat Snake | *Bioga trigonata* | Colubridae | | |
| २ | धामन | Rat Snake | *Pytas mucosus* | Colubridae | II | |
| ३ | सुन गोहोर | Golden monitor | *Varanus flaveescens* | Colubridae | I | LR/lc |
| ४ | हरेप वा हरेउ | Green Pit Viper | *Trimeresurus spps* | Colubridae | | |
| ५ | सर्प | Himalayan | *Rhabdophis* | Colubridae | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Keelback | *hymalayanus* | | | |
| ६ | छेपारो | Common Agamide Lizard | *Calottes versicolor* | Agamidae | | |
| ७ | माउसुली | Wall Lizard | *Hamidactylus spps* | Geckonidae | | |
| ८ | भ्यागुता | Frog | *Rana tigirina* | Ranidae | II | |
| ९ | खर्से भ्यागुता | Toad | *Buffo spps* | Ranidae | | |

## संरक्षित तथा लोपोन्मुख प्रजातिहरु

| **स्तनधारी प्रजाती** | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **नाम** | **नेपाल सरकार** | **CITES** | **IUCN Red List** |
| १ | चितुवा | संरक्षित | I | LR/lc |
| २ | लंगुर बाँदर (ढेडु) | - | I | LR/nt |
| ३ | लोखर्के (ठूलो) | - | II | □ |
| ४ | स्याल | - | III | □ |
| ५ | मलसाप्रो | - | III | LR/lc |
| ६ | न्याउरीमुसा | - | III | □ |
| ७ | चमेरो (ठूलो) | - | II | □ |
| ८ | वन विरलो | - | II | LR/lc |
| ९ | रेसस बाँदर | - | II | LR/nt |
| १० | फ्याउरो | - | III | DD |
| ११ | चरी बाघ | - | I | □ |
| **सरिसृप तथा उभयचर प्रजाती** | | | | |
| **क्र. सं.** | **नाम** | **नेपाल सरकार** | **CITES** | **IUCN Red List** |
| १ | धामन सर्प | - | I | LR/nt |
| २ | सुन गोहोरा | - | II | □ |
| ३ | भ्यागुता (मेघा) | - | II | - |
| **चरी प्रजाती** | | | | |
| **क्र. सं.** | **नाम** | **नेपाल सरकार** | **CITES** | **IUCN Red List** |
| १ | डगर गिद्ध | - | II | CE |
| २ | सेतो गिद्ध | - | II | E |
| ३ | सानो खैरो गिद्ध | - | III | CE |
| ४ | वाज | - | I | □ |
| ५ | चिल | - | I | - |
| ६ | लाटोकोसेरो | - | - | LR/nt |

**<u>CITES</u> <u>IUCN Red Data List</u>**
I- Endangered species CE- Critically Endangered
II- May become endangered unless trade is regulated E-Endangered
III- Species that are protected in at least one country LR/nt- Lower Risk/near threatened
LR/lc- Lower Risk/least concern

स्रोत: स्थलगत अध्ययन, २०७७

## २.२ वन्यजन्तुको लागि महत्वपूर्ण मानिएका स्थानहरु

यस जिल्लाको अन्नपूर्ण संरक्षण क्षेत्र संग जोडिएका पञ्चासे कोरिडोर क्षेत्र, कालिलेक कोरिडोर क्षेत्र तथा सेती किनारा कोरिडोर क्षेत्रमा बढीमात्रामा चितुवा, रतुवा, स्याल, चरिबाघ, अजिंगर जस्ता वन्यजन्तुहरुको संख्यात्मक तथा आक्रमणात्मक अवस्था बढेको छ । त्यसैले यस्ता क्षेत्रहरु वन्यजन्तुको वासस्थानका लागि महत्वपुर्ण देखिएको छ ।

# भाग ३ वन्यजन्तुबाट हुने क्षतिको राहत

## ३.१ राहत वितरण

कास्की जिल्ला क्षेत्रमा बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तुको बासस्थानमा भएको क्षयीकरण यवं संकुचनले गर्दा वन्यजन्तु आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेको देखिन्छ। यसबाट गाउँ बस्तीमा बसोवास गर्ने समुदायहरु र वन्यजन्तुबिच द्धन्द सृजना भएको पाइन्छ। वन्यजन्तुले संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, सामुदायिक वन लगायत अन्य वन क्षेत्र तथा अन्य गाउँ/ वस्तीमा प्रवेश गरी स्थानिय जनताको जीउ धनको क्षति पुराउने गरेको तर राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण एन, २०२९ र त्यस अन्तर्गत बनेको नियमावलीहरु तथा अन्य प्रचलित नेपाल कानुनमा समेत वन्यजन्तुबाट हुने क्षतिको राहत व्यवस्था नभएको कारण यस्तो क्षति हुँदा स्थानिय जनता र संरक्षण निकाय तथा स्थानिय प्रशासनका बिच तनाब र द्धन्द सृजना हुदै आएको थियो। वन क्षेत्रबाट वन्यजन्तु आई क्षति पुराउने गरेको कारण स्थानिय जनताबाट पटक पटक वन्यजन्तुले पुराएको क्षतिको राहत माग भई आएको सन्दर्भमा स्थानिय स्थरका सरोकारवाला संघ- संस्था, नागरिक समाजसंग छलफल र अन्तरकृया प्राप्त राय सुझावका आधारमा वन्यजन्तुबाट हुने जीउ धनको क्षति वापत तपसिलका मापदण्डको आधारमा पीडित नेपाली नागरिकलाई राहत उपलब्ध गराई वन्यजन्तु र स्थानिय बासिन्दा बीचको अन्तर सम्बन्ध घनिष्ठ राख्ने उदेश्यले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ बमोजिम नेपाल सरकारले वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० बनाएको छ।

**वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणका क्षेत्रहरु**

| क्र.सं. | वन्यजन्तु | मानविय क्षति | | | पशुधन क्षति | भण्डारण गरेको अन्न क्षति | घरगोठ क्षति | बाली क्षति | माछा क्षति | कुखुरा क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान्य घाइते | गम्भीर घाइते | मृत्यु | | | | | | |
| १. | हात्ती | पाउने | पाउने | पाउने | नपाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने |
| २. | गैंडा | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| ३. | बाघ | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| ४. | भालु | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| ५. | चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ६. | हिउँ चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ७. | ध्वाँसे चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ८. | व्वाँसो | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ९. | जंगली कुकुर | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| १०. | जंगली बँदेल | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| ११. | अर्ना | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| १२. | मगर गोही | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने |
| १३. | गौरीगाई | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| १४. | अजिंगर | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| १५. | नीलगाई | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| १६. | बाँदर | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |

श्रोत: वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०८०

## ३.२ राहत रकम प्राप्त गर्नका लागि पेश गर्नुपर्ने कागजात तथा प्रमाणहरु

| क्र.सं. | प्रमाण र प्रकृति | मानवीय क्षति | | | पशुधन क्षति | भण्डारण गरेको अन्न क्षति | घरगोठ क्षति | बाली क्षति | माछा क्षति | कुखुरा क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान्य घाइते | गम्भीर घाइते | मृत्यु | | | | | | |
| १. | सम्भव भएसम्म पीडित/मृतकको फोटो/घटनास्थलको फोटो | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २. | अपाङ्गता/मृत्यु दर्ता प्रमाणपत्र | | ✓ | ✓ | | | | | | |
| ३. | घटनास्थलको सर्जमिन मुचुल्का (नजिकको प्रहरी, वन वा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय अन्तर्गतको सेक्टर/सव डिभिजन/रेञ्जपोष्ट/पोष्ट, मध्यवर्ती/संरक्षण क्षेत्र उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, गाँउपालिका/नगरपालिकाका निर्वाचित प्रतिनिधिको रोहवरमा) | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४. | स्वास्थ्य संस्थाको सिफारिस र औषधिको बिल (विदेशमा उपचार गराएको भए सरकारी अस्पालको सिफारिस र प्रमाणित बिल संलग्न हुनु पर्ने) | ✓ | ✓ | | | | | | | |
| ५. | पोष्टमार्टम रिपोर्ट | | | ✓ | | | | | | |
| ६. | प्रहरी प्रतिवेदन | | | ✓ | | | | | | |
| ७. | नाता प्रमाणित कागजात | | ✓ | ✓ | | | | | | |
| ८. | पशु सेवा/कृषि सेवा/अन्य सम्पत्ति सम्बन्धी प्राविधिकको मूल्यांकन/सिफारिस | | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ९. | घर/जग्गाधनी प्रमाण पुर्जा | | | | | | ✓ | ✓ | ✓ | ✓ |
| १०. | पशुधन/बालीको बीमा गरेको भए बीमालेख नम्बर | | | | ✓ | | | ✓ | | |

श्रोत: वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०८०

## ३.३ राहत रकमको हद रु.

**मानवीय क्षतिको लागी :**

- सामान्य घाइतेको लागि घाइतेको प्रकृति हेरी पेश गरिएको प्रमाण, कागजात र स्वास्थ्य संस्थाको सिफारिसमा बिल बमोजिम उपचार खर्च बढीमा बीस हजार रूपैँयासम्म;

- गम्भीर घाइतेको हकमा घाइतेको प्रकृति हेरी पेश गरिएको प्रमाण, कागजात र प्रचलित कानूनबमोजिम सञ्चालनमा रहेको अस्पतालका चिकित्सकको सिफारिसमा औषधि उपचारमा लागेको बिलबमोजिम उपचार खर्च बढीमा दुई लाख रूपैँयासम्म;

  तर वन्यन्तुबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख रूपैँयाभन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा चिकित्सकको सिफारिसमा उपलब्ध गराइनेछ ।

- अङ्गभङ्ग भई जीवनभर गम्भीर रूपले शारीरिक अशक्त हुने अवस्थाको व्यक्ति वा निजको हकवालालाई राहत दश लाख रूपैँया;
- मृत्यु भएको व्यक्तिको हकमा नजिकको हकवालालाई राहत दश लाख रूपैँया ।

**पशुधनको क्षतिको लागि :**

- भैसी वा राँगो वा गोरू, उन्नत जातको गाई, घर पालुवा चौरी, घोडा, खच्चडको आधारमा प्रति पशु साठी हजार रूपैँयासम्म,
- अन्य पशुको मृत्यु भएमा पशुको प्रकार र मूल्यांकनको आधारमा प्रति पशु बढीमा दश हजार रूपैँयासम्म,
- माछा वा कुखुराको क्षति भएमा मूल्यांकनको आधारमा वर्षको एकपटक बढीमा दश हजार रूपैँयासम्म ।

**घर/ गोठ र अन्नबालीको क्षतिको लागि :**

- घर/ गोठको क्षति भएमा मूल्याङ्कनको आधारमा बढीमा बिस हजार रूपैँयासम्म,
- अन्नको क्षति भएसम्म मूल्याङ्कनको आधारमा बढीमा दश हजार रूपैँयासम्म,
- बालीको क्षति भएमा मूल्याङ्कनको आधारमा एक मौसममा लगाएको बालीको एक पटक र वर्षमा दुई पटकमा नबढ्ने गरी बढीमा दश हजार रूपैँयासम्म,
- भकारीमा भण्डारण गरिएको अन्नको मुल्याङ्कन गरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा दस हजार रूपैँयासम्म ।

# भाग ४ चिडियाखाना एवं वन्यजन्तु  उद्धार केन्द्र स्थापना कार्यक्रम

कास्की जिल्लामा मानव वन्यजन्तु द्धन्द्ध बढिरहेको छ । एकातिर पशुधन, खेतीवाली तथा मानवीय क्षति बढ्दै गइरहेको छ भने अर्कोतिर द्धन्द्धको कारणले वन्यजन्तु मारिने, घाइते हुने क्रम पनि बढ्दै गइरहेको छ । वन्यजन्तु स्वयं तिनीहरुका बाच्न पाउने अधिकारको लागि मात्रै होइन मानव जगतको लागि आवश्यक पर्ने खाद्यचक्रको निरन्तरता, पारीस्थितिकिय सन्तुलनको लागि समेत संरक्षण गर्नु अनिवार्य सर्त समेत हो । यही यर्थाथलाई मनन् गर्दै मानव वन्यजन्तु द्धन्द्धमा कमि ल्याउनु तथा वन्यजन्तु संरक्षण गर्नु आजको अपरिहार्य आवश्यकता हो । यसको एउटा माध्यम द्धन्द्ध बढाउने हिंस्रक, समस्याग्रस्त तथा टुहुरा/घाइते वन्यजन्तुको उद्धार गरी तिनीहरुको उपचार गरी सुरक्षित राख्ने हो भने तिनीहरुलाई शैक्षिक, वैज्ञानिक अध्ययन, अवलोकन तथा पर्यटन प्रयोजनको लागि प्रयोग गरी संरक्षण तर्फ मानिसको बुझाइमा समेत सकारात्मक परिवर्तन ल्याउने अर्को उपाय हो । यसकारण, प्राणी उद्यान (Zoological Park) संचालन संरक्षण तर्फको उपयुक्त पहलकदमी हुन सक्छ, जसले वन्यजन्तुको प्रदर्शनी मनोञ्जनमा मात्र सिमित नभएर त्यो भन्दा उच्चतर स्तरको शैक्षिक, खोज तथा अनुसन्धान प्रयोजनको लागि उपयोग हुन सक्दछ । जसले गर्दा सरोकारवालहरुको वन्यजन्तु संरक्षण प्रति जनचेतना बढ्दछ भने संरक्षण र पर्यटन प्रवर्धनमा समेत सकारात्मक योगदान पुग्ने देखिन्छ ।

पोखरामा पर्यटनका अनेक सम्भावनाहरु खोजीका सन्दर्भमा विभिन्न गतिविधीहरु हुदै आइरहेका छन् । पर्यटनको राजधानी मानिने पोखराबाट विभिन्न हिमश्रृखला अवलोकन गर्न सकिन्छ । सन् २०१६ मा विश्वको रामसार सुचीमा सुचिकृत रहेका पोखराका नौवटा तालहरु पर्यटकका लागि आकर्षणका केन्द्रहरु हुन । यसका अलावा विभिन्न प्राकृतिक गुफाहरु, हिलस्टेशनहरु, म्युजियमहरुले समेत पर्यटकहरुको ध्यान तान्ने गर्दछन् । पोखराको फेवा ताल मुख्य आकर्षण हो । उत्तिकै मनोरम भएर पनि पोखराबाट १७ कि.मि. को दुरीमा रहेको वेगनास र रुपातालले भने पर्यटकीय विकासको हिसावले उतिसारो गति लिएको देखिदैन । यही क्षेत्रमा प्राणी उद्यान निर्माण गर्न सके यहाँको पर्यटन प्रवर्धन हुनुका साथै यस क्षेत्रमा भौतिक पूर्वाधारको समेत विकास हुने अपेक्षा स्थानिय समुदायको रहेको छ । यही सोच अनुरुप तत्कालिन समयमा वन्यजन्तु उद्धार केन्द्रको रुपमा शुरुवात गरी क्रमश: प्राणी उद्यान स्थापना गर्ने उद्धेश्य राखि कार्यक्रमहरु संचालन भैरहेको छ । त्यस समय देखि हालसम्म यस कार्यक्रमलाई सरकारी तवरबाट समेत प्राथमिकताको कार्यक्रममा सुचिकृत गरीएको छ । गण्डकी प्रदेश सरकारले पचभैयामा प्रदेश स्तरीय प्राणी उद्यान स्थापना गर्ने योजना पहिलो नीती तथा कार्यक्रम (आ.व. २०७६।७७) देखिनै समेट्दै आइरहेको छ । सोही नितीगत व्यवस्था अनुरुप हाल पचभैयामा वन्यजन्तु उद्धार केन्द्रको रुपमा कार्य थालनी भइ भविष्यमा प्राणी उद्यानको रुपमा विकास गर्ने योजना रहेको छ ।

## ४.१ आयोजना स्थल

पचभैया प्राणी उद्यान अन्तर्गत पोखरा महानगरपालिकाको पचभैया क्षेत्रका तीनवटा समुदायले व्यवस्थापन गर्दै आएको वन क्षेत्रहरु पर्छन । उद्यानको लागि १५०.७ हेक्टर प्रस्ताव गरिएको छ । जसमा पचभैया सामुदायिक वन समूह, पोखरा ३१ को १०९.७ हेक्टर वन क्षेत्र पर्छ भने चैनपुर सामुदायिक वन समूह, पोखरा ३२ को २७.२ हेक्टर र चायापानी चिसाकुना सामुदायिक वन समूह, पोखरा ३० को १४.५ हेक्टर वनक्षेत्र पर्दछ । विगत देखि समुदाय मार्फत नै वनको संरक्षण तथा व्यवस्थापन गरेको पचभैया क्षेत्रमा प्राणी उद्यान संचालन गर्न प्रस्ताव भएको हो ।

## ४.२ कार्यक्रमको प्रमुख विशेषताहरु

- द्धन्द्ध वढाउने हिंस्रक, समस्याग्रस्त तथा टुहुरा/घाइते वन्यजन्तुको उद्धार तथा उपचार गरी सुरक्षित रुपमा पुन: प्राकृतिक वासस्थानमा छाड्ने ।
- वन्यजन्तुको प्रदर्शनी पर्यटन प्रयोजनको लागि उपयोग गरी संरक्षण तर्फ मानिसको वुझाइमा सकारात्मक परिवर्तन ल्याउने ।

- शैक्षिक, खोज तथा अनुसन्धान प्रयोजनको लागि वन्यजन्तुको उपयोग गरी जैविक विविधता संरक्षणमा नयाँ प्रविधिको विकास गर्ने ।
- वन्यजन्तुको परस्थानिय संरक्षण मार्फत जैविक विविधता संरक्षणमा सरोकारवालहरुको जनचेतना बढाउन मद्दत गर्ने ।
- संरक्षण र पर्यटन प्रवर्धनमा समेत सकारात्मक योगदान पुर्‍याउने ।

## ४.३ कार्यक्रमको लक्ष्य

संरक्षण शिक्षा, वैज्ञानिक खोज तथा अनुसन्धान र मनोरञ्जनको लागि अन्तराष्ट्रिय स्तरको दिगो (self-sustaining) प्राणी उद्यान स्थापना गर्ने ।

## ४.४ कार्यक्रमको उद्धेश्य

आयोजनाको मुख्य उद्धेश्य संरक्षण, उद्धार, प्रजनन्, खोज, अनुसन्धान, संरक्षण शिक्षा तथा मनोरञ्जनको लागि वन्यजन्तुको परस्थानिय संरक्षण गर्ने हुनेछ भने यसका विशिष्ट उद्धेश्यहरु निम्न वमोजिम हुनेछन:


- टुहुरा तथा घाइते वन्यजन्तुको उद्धार गर्ने ।
- घाइते वन्यजन्तुको उपचारको लागि वन्यजन्तु अस्पताल स्थापना गर्ने ।
- उद्धार केन्द्रमा राखिएका वन्यजन्तुलाई प्रचलित मापदण्ड अनुसारको आहार स्याहार सुसारको सुनिश्चिता गर्ने साथै नियमित स्वास्थ परिक्षण, खोपको व्यवस्था गरि वन्यजन्तुहरुको स्वास्थ स्थिती मजवुत राख्ने ।
- समस्या सिर्जना गर्ने हिंसक वन्यजन्तुहरुलाइ नियन्त्रण र व्यवस्थापन गर्नका लागि darting सहितको rapid response team तयार गरि आवश्यकता अनुसार प्रदेश भरि नै परिचालन गर्ने र सो कार्यमा संलग्न कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने
- वन्यजन्तु उद्धार केन्द्र सम्म पुग्ने वाटोको स्तरिकरण गरि सहज पहुच सुनिश्चिता गर्ने ।
- विभिन्न भौगोलिक क्षेत्रहरुमा पाइने वन्यजन्तुहरुलाई राख्नका लागि उद्धार केन्द्रको १५० हेक्टर क्षेत्र मध्ये सुहाउदो भुगोलमा उचित संरचनाहरु बनाउने ।
- उद्धार केन्द्र भित्र तयार गरिएका यस्ता संरचनाहरुसम्मको पहुँचका लागि आवश्यकता अनुसार फुट ट्र्याक निर्माण गर्ने ।
- वन्यन्तु प्रदर्शनीको लागि विभिन्न प्रदर्शनी पूर्वाधार निर्माण गर्ने ।
- आवश्यक सुविधाहरु (पानी, विजुली, इन्टरनेट) को स्तरोन्नती गर्ने ।
- उद्धार केन्द्रमा रहेका विभिन्न वन्यजन्तुहरुको वानीव्यवहार (behavioral ecology) , प्रजनन क्षमता र गुण (reproductive characteristics) र अन्य विविध क्षेत्रमा सोध र अध्ययन गर्ने ।

# भाग ५ उद्धार, क्षति तथा राहतको विवरण

## ५.१ वन्यजन्तु उद्धार तथा व्यवस्थापनको विवरण

कास्की जिल्लामा विविध कारणले वन्यजन्तु घाइते/ टुहुरा र समस्याग्रस्त अवस्थामा भेटिने गर्दछन। यस समस्याग्रस्त अवस्थामा भेटिने वन्यजन्तुको डिभिजन वन कार्यालयद्वारा उद्धार गरी उपयुक्त वासस्थानमा पुनर्स्थापना गरिन्छ भने घाइते/ टुहुरा वन्यजन्तुको पचभैया प्राणी तथा वन्यजन्तु उद्धार केन्द्रमा लगि आवश्यक उपचार गरिन्छ। उपचार पछि स्वास्थ अवस्थामा सुदार देखिने वन्यजन्तुलाई उपयुक्त वासस्थानमा पुनर्स्थापना गरिन्छ।


विगत केही वर्षमा डिभिजन वन कार्यालय कास्कीद्वारा धैरै घाइते तथा मृत वन्यजन्तुको उद्धार तथा व्यवस्थापन गरिएको पाइन्छ। आ. व. २०७५/०७६ देखि आ. व. २०७९/२०८० सम्ममा चितुवा ७८ वटा, सिवेट ३७ वटा, वन विरालो २९ वटा, रतुवा मृग २७ वटा, चिल १५ वटा, लाटोकोसेरो ५ वटा, चरी बाघ ४ वटा, ह्वचिल ३ वटा, घोरल ३ वटा, बादर ३ वटा, राज गिद्द ३ वटा, थार ३ वटा, उल्लु २ वटा, सर्प २ वटा, स्याल २ वटा, किंङ कोब्रा २ वटा, दुम्सी १ वटा, वन विरालो १ वटा, गोमन सर्प १ वटा, वन कुखुरा १ वटा, चित्रकुट १ वटा, झारल १ वटा र अजिङ्गर १ वटा उद्धार तथा व्यवस्थापन गरिएको पाइएको छ। यस सम्बन्धि विवरण अनुसूची १ मा उल्लेख गरिएको छ। यसरी चितुवा, सिविट, वन विरलो, रतुवा मृग र चिल अधिकतम संख्यामा उद्धार भएको पाइएको छ।




यसरी वन्यजन्तुको उद्धार तथा व्यवस्थापनको संख्या हेर्ने हो भने चितुवाको हकमा आ. व. २०७५/७६ देखि आ. व. २०७८/७९ सम्म लगातार बढेको र आ. व. २०७९/८० भने घटेको पाइएको छ। सिवेटको हकमा भने आ. व. २०७५/७६ मा धैरै उद्धार भएको र त्यसपछि आ. व. २०७७/७८ सम्म घटेको र फेरि आ. व. २०७७/७८ देखि आ. व. २०७९/८० सम्म भने भढेको पाइएको छ। वन विरलोको हकमा आ. व. २०७६/७७ मा धैरै उद्धार भएको र बाकी आ. ब. हरुमा भने न्युनतम संख्यामा उद्धार भएको पाइएको छ। रतुवा मृगको हकमा आ. व. २०७६/७७ मा धैरै उद्धार भएको र त्यसपछिका वर्ष हरुमा भने घट्दै आएको पाइएको छ। पंछीको हकमा भने चिल बढि मात्रामा उद्धार गरिएको पाइन्छ। त्यसमा पनि आ. व. २०७७/७८ र आ. व. २०७८/७९ मा बढि मात्रामा चिलको उद्धार भएको पाइन्छ। यसरी आ. व. २०७५/७६ र आ. व. २०७९/८० अवलोकन गर्ने हो भने चितुवा, वन विरलो, सिविट र चिल उद्धारको संख्या बढेको पाइएको छ भने रतुवा मृग उद्धारको संख्या भने घटेको पाइएको छ।

## ५.२ वन्यजन्तुबाट भएको क्षतिको विवरण

कास्की जिल्ला क्षेत्रमा बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण यवं संकुचनले गर्दा वन्यजन्तु आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेको देखिन्छ। यसबाट गाउँ बस्तीमा बसोवास गर्ने समुदायहरुको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुदै आएको छ। खासगरी चितुवाको आक्रमणबाट मानवीय क्षति, घर पालुवा वन्यजन्तुको क्षति तथा घर गोठको क्षति हुने गरेको छ। पछिल्लो वर्षहरुमा मानव वन्यजन्तु द्वन्द व्यवस्थापन एक समस्याको रुपमा देखा परेको छ।




यसरी वन्यजन्तुबाट भएको क्षतिको विवरण हेर्न हो भने बाख्राको क्षति बढि मात्रामा भएको पाइएको छ। आ. व. २०७४/०७५ कुल ६२ पशुधनको क्षति भएको पाइन्छ भने सोही संख्या आ. व. २०७५/७६ मा बढेर ९२ पुगेको पाइन्छ। आ. व. २०७५/७६ देखि आ. व. २०७६/७७ सम्मको डाटा हेर्ने हो भने पशुधन क्षतिको संख्या घट्दो क्रममा देखिएको छ भने आ. व. २०७९/८० भने फेरि बढेको पाइएको छ।

## ५.३ वन्यजन्तुबाट भएको क्षतिको राहत रकम सम्बन्धि विवरण


मानव वन्यजन्तु द्धन्दलाई न्युनिकरण गर्न वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ ( तेश्रो संशोधन २०७५ ) बमोजिम डीभिजन वन कार्यालयले राहत उपलब्ध गराउने व्यवस्था गरेको छ।

यसरी कास्की जिल्ला अन्तर्गत रहेका ५ पालिकामा बिगत ६ वर्षमा जम्मा राहत रकम रु ३९ लाख १२ हजार ३ सय बत्तीस बितरण गरिएको छ। यस अन्तर्गत सबै भन्दा बढि राहत पोखरा महानगरपालिकामा २३ लाख ९५ हजार ५ सय (६१%) बितरण गरिएको छ। त्यसैगरी रुपमा ६ लाख ७१ हजार (१७%), अन्नपूर्ण गाउँपालिकामा ५ लाख ७४ हजार ६ सय बत्तीस (१५%), मादी गाउँपालिकामा १ लाख ६३ हजार २ सय (४%) र माछापुछ्रे गाउँपालिकाम १ लाख ८ हजार (३%) बितरण गरिएको पाइन्छ। यस सम्बन्धि विवरण अनुसूची २ मा दिईएको छ।

| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| रुपा | १०५००० | ६०००० | १३३००० | २०१००० | ११०००० | ६२००० | ६७१००० | १७% |
| अन्नपूर्ण | ५०५०० | ६६१३२ | ११९००० | ११०००० | १२१००० | १०८००० | ५७४६३२ | १५% |
| मादी | १२०० | ३४००० | ४०००० | २०००० | ५६००० | १२००० | १६३२०० | ४% |
| पोखरा | ९५५०० | ९६००० | ११९०००० | ३२५००० | ४८१००० | २०८००० | २३९५५०० | ६१% |
| माछापुछ्रे | ० | ० | २०००० | ६०००० | २०००० | ८००० | १०८००० | ३% |
| जम्मा | २५२२०० | २५६१३२ | १५०२००० | ७१६००० | ७८८००० | ३९८००० | ३९१२३३२ | |

पोखरा महानगरपालिकामा हेर्ने हो भने आ. व. २०७४/७५ देखि आ. व. २०७५/७६ सम्म थोरै मात्राले बढेको राहत रकम आ. व. २०७६/७७ मा भने धेरै बढेको पाइन्छ । यस आ. व. मा चितुवाको आक्रमणका कारण एक मानिसको मृत्यु भएको हुदा थाप १०,००००० राहत रकम वितरण गरेका कारण कुल राहत रकम बढेको पाइएको हो । आ. व. २०७७/७८ मा भने राहत रकम घटेको र आ. व. २०७८/७९ मा पुन बढेको राहत रकम आ. व. २०७९/८० मा भने फेरि घटेको हो । रूपा र माछापुछ्रे गाउँपालिका अवलोकन गर्ने हो भने आ. व. २०७४/७५ देखि आ. व. २०७७/७८ सम्म लगातार बढेको राहत रकम आ. व. २०७७/७८ पछि घटेको पाइन्छ । मादी गाउँपालिकामा भने आ. व. २०७४/७५ देखि बढ्दै आएको राहत रकम आ. व. २०७७/७८ मा घटेको र आ. व. २०७८/७९ मा पुन बढेको पाइएको छ । आ. व. २०७९/८० मा भने सो रकम फेरि घटेको पाइएको छ । अन्नपूर्ण गाउँपालिकामा हेर्ने हो भने आ. व. २०७७/७८ र आ. व. २०७९/८० बाहेक अन्य आ. व. हरुमा राहत रकम बढ्दै आएको पाइएको छ ।

सबै पालिकाहरु अवलोकन गर्ने हो भने आ. व. २०७४/७५ मा रु २५२२०० राहत रकम वितरण गरिएको पाइन्छ । आ. व. २०७५/७६ मा भने सोही रकम थोरै मात्राले बढेर रु २५६१३२ पुगेको थियो । आ. व. २०७६/७७ मा भने मानिसको मृत्युका कारण राहत रकम बढेर रु १५०२००० पुगेको हो । यस आ. व. मा अहिले सम्मकै उच्च राहत रकम वितरण गरिएको पाइन्छ । आ. व. २०७७/७८ मा रु ७१६००० राहत रकम वितरण गरिएको थियो भने आ. व. २०७८/७९ मा रु ७८८००० राहत रकम वितरण गरिएको हो । यस आ. व. २०७९/८० मा भने वितरण गरिएको राहत रकम घटेर ३९८००० पुगेको हो ।



## ५.४ मानव वन्यजन्तु द्धन्द्धको प्रकार

मानव वन्यजन्तु द्धन्दको प्रकारहरु मुख्यतय दुई भागमा बाढ्न सकिन्छ : वन्यजन्तुको कारणले हुने द्धन्द र मानवको कारणले हुने द्धन्द

**वन्यजन्तुको कारणले हुने द्धन्द:**

- खेतिवलीको नाश
- पशुधनको क्षेति
- घर गोठको क्षेति
- भंडारण गरेको अन्नको क्षेति
- मानव घाइते बनाउने तथा ज्यान लिने

**मानवको कारणले हुने द्धन्द:**

- वदलाको भावनाले वन्यजन्तु मारिने
- चोरी शिकारी

## ५.६ वन्यजन्तु उद्धार तथा घाइते हुनका कारणहरु

- कुकुर र बिरालोको आक्रमणबाट
- बिख खुवाएर
- अनाथ तथा माउबाट बिछडिएर
- गाडीको ठक्करबाट
- गैरकानूनी रुपमा पालिएका
- पासोमा परेर
- गोलीका कारणबाट
- मानवद्धारा घाइते बनाइएका
- रोग लगि कमजोर भएका
- प्राकृतिक कारण (वन्यजन्तु बिच जुदाई, बुढो भएर)

## ५.७ डिभिजन वन कार्यालयमा द्धन्द न्युनिकारण गर्न अपनाईएका प्रयासहरु

- वन्यजन्तु बेहोस बनाएर उद्धार तथा उपचार (डार्टिङ गन)
- वन्यजन्तुहरुको उद्धार तथा उपचारको लगि वन्यजन्तु एम्बुलेंस
- वन्यजन्तुको उद्धार तथा उपचारको लगि वन्यजन्तु उद्धार केन्द्र पचभैया संचालन
- वन्यजन्तुबाट हुने क्षति वापत राहत वितरण
- वन संरक्षण
- जनचेतना
- मानव निर्मित पानी पोखरी
- वन अतिक्रमण रोकथाम

## ५.८ मानव वन्यजन्तुबीचको द्धन्द न्युनिकारण गर्न ध्यान दिनुपर्ने कुराहरु

- वन्यजन्तुको प्रकृतिअनुसार फरकफरक व्यवहार गर्न मानिसले सिक्नुपर्छ । उदाहरणका लागि, एउटा मृग बारीमा पस्यो भने त्यसलाई लखेटेर भगाउन सकिन्छ । तर, चितुवाको अगाडि त्यही व्यवहार गर्नेहो भने उल्टो त्यसले आक्रमण गर्न आउँछ ।

- त्यसैगरी, हरेक वन्यजन्तु वन क्षेत्रबाट निस्कने विशेष समय र याम हुन्छ । उदाहरणका लागि, सुख्खायाममा, त्यो पनि साँझ र बिहान चितुवाहरू पानीको खोजीमा बाहिर निस्कन्छन् । यदि सामुदायिक वन भित्र नै पोखरीको व्यवस्थापन हुने हो भने वन्यजन्तु र मानवबीच हुने द्धन्द न्युनिकरण हुनेछ ।

- कतिपय अवस्थामा मान्छेका आ-आफ्नै बाध्यता हुन सक्छन् । राति, एक्लै, जङ्गलको बाटो हिँड्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा कसरी सचेतना अपनाउने, कसरी जोगिने भनेर पनि मान्छेलाई जानकारी हुन जरूरी हुन्छ ।

- जङ्गल क्षेत्रभित्रै पर्याप्त खाना र पानी हुने हो भने कुनैपनि वन्यजन्तु त्यसभन्दा बाहिर जाँदैनन् । आखिर उनीहरूलाई पनि मान्छेदेखि डर लाग्छ । अध्ययनहरूमा पनि वन्यजन्तुले आफ्नो क्षेत्रअन्तर्गत रहेको जङ्गलभन्दा बाहिर गएर मान्छेलाई आक्रमण गरेको अत्यन्त न्यून उदाहरण मात्रै देखिएका छन् । त्यसैले आश्रयस्थल व्यवस्थापनमा थप ध्यानदिनु पर्दछ ।

- मानिसहरुले डरको कारणले पनि वन्यजन्तु माथि आक्रमण गरेको देखिन्छ । उनीहरुमा वन्यजन्तु सँग हुने आकस्मात भेट र त्यसबाट बचने उपाय बारे पहिले देखि नै जानकारी हुने हो भने यस द्धन्दलाई हामीले न्युनिकारण गर्न सकिन्छ ।

- वन क्षेत्र भित्र तथा नजिकै रोडको निर्माण गर्नाले वन्यजन्तु ओहोरदोहोर गर्ने र मानिस हिड्ने बाटो एकै हुने गर्दछ । यस्तो बाटोमा सवारी साधन चलाउदा सुस्तरी हाक्नु पर्दछ जसले गर्दा वन्यजन्तु र सवारी साधन ठोकिएर हुने धेरै घटनाहरु न्युनिकारण गर्न सकिन्छ । यसको लगि बाटोमा speed limit बोर्ड राख्न सकिन्छ ।

- वन्यजन्तुको चोरी शिकारी गरी आखेटोपहार ओसारपोसर गर्ने प्रवृत्ति बढिरहेको छ । यस कारण वन क्षेत्र वरीपरी वन रक्षकको निगरानी कडा हुनु पर्दछ ।

## अनूसूची १ : घाइते तथा मृत वन्यजन्तुको उद्धार तथा व्यवस्थापन विवरण

| **वन्यजन्तु** | आ.व.०७५।०७६ | | आ.व.०७६।७७ | | आ.व.०७७।०७८ | | आ.व.०७८।०७९ | | आ.व.०७९।०८० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिवित (संख्या) | मृत (संख्या) | जिवित (संख्या) | मृत (संख्या) | जिवित (संख्या) | मृत (संख्या) | जिवित (संख्या) | मृत (संख्या) | जिवित (संख्या) | मृत (संख्या) |
| चितुवा | १ | ३ | ४ | १६ | १ | १८ | ६ | १५ | ३ | ११ |
| चिल | १ | | १ | | ५ | १ | ६ | | | १ |
| सिवेट | ४ | ७ | ३ | ५ | २ | २ | १ | ४ | ६ | ३ |
| वन विरालो | १ | १ | ४ | ८ | १ | | १ | २ | १ | २ |
| चरी बाघ | २ | | | | १ | १ | १ | | | |
| रतुवा मृग | | १ | | | ५ | १ | २ | २ | १ | ३ |
| लाटोकोसेरो | | १ | ३ | २ | २ | २ | | | | |
| बाँदर | | | १ | २ | १ | | | | | |
| किङ कोबरा | | | १ | | | | | १ | | |
| घोरल | | | २ | १ | | | | | | |
| सर्प | | | २ | | | | | | | |
| गोमन सर्प | | | १ | | | | | | | |
| चित्रकुट | | | | | | १ | | | | |
| थार | | | | | १ | १ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दुम्सी | | | | | | १ | | | | |
| वन कुखुरा | | | | | १ | | | १ | | |
| स्याल | | | | | | १ | | | | |
| झारल | | | | | | | १ | | | |
| अजिङ्गर | | | | | | | १ | | | |
| गिद्ध | | | | | | | | | २ | १ |
| कछुवा | | | | | | | | | २ | |
| मयूर | | | | | | | | | २ | |
| **जम्मा** | ९ | १३ | २९ | ३९ | १९ | २९ | २० | २५ | १९ | १८ |

## अनुसूची २: वन्यजन्तुबाट भएको क्षति तथा राहतको विवरण

| पशुधनको क्षति - प्रजाति | आ.व.०७४।०७५ | | आ.व.०७५।०७६ | | आ.व.०७६।०७७ | | आ.व.०७७।०७८ | | आ.व.०७८।०७९ | | आ.व.०७९।८० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | राहत रकम (रू.) | संख्या | राहत रकम (रू.) | संख्या | राहत रकम (रू.) | संख्या | राहत रकम (रू.) | संख्या | राहत रकम (रू.) | संख्या | राहत रकम (रू.) |
| गाई | ६ | २३५०० | ४ | ४४००० | ३ | ३९००० | ५ | ८५००० | १८ | १७५००० | १२ | १०३००० |
| बाख्रा | २६ | १४९००० | २९ | १२४००० | २४ | २२८००० | ३६ | ३५०००० | ४४ | ३३५००० | ३५ | १८७००० |
| भैसी | ३ | १२५०० | ३ | ५०००० | ७ | १००००० | ६ | ७५००० | १० | १०१००० | ७ | ४९००० |
| राँगो | – | – | – | – | – | – | १ | १५००० | – | – | ३ | २४००० |
| गोरू | ४ | २४००० | २ | १५००० | ४ | ८५००० | ५ | १३१००० | ५ | ७५००० | १ | १४००० |
| बोका | ४ | ११००० | ३ | १९००० | ३ | ३०००० | ५ | ५०००० | १३ | ८७००० | १ | ५००० |
| खसी | २ | २०००० | – | – | – | – | १ | १०००० | २ | १५००० | – | – |
| भेडा | – | – | – | – | – | – | – | – | – | – | ३ | १६००० |
| मानिस घाइते | १ | २०००० | १ | ४१३२ | १ | २०००० | – | – | – | – | – | – |
| मानिसको मृत्यु | – | – | – | – | १ | १०००००० | – | – | – | – | – | – |
| **जम्मा** | **४६** | **२६३०००** | **४२** | **२५६१३२** | **४३** | **१५०२०००** | **५९** | **७१६०००** | **९२** | **७८८०००** | **६२** | **३९८०००** |

## अनुसूची ३: वन्यजन्तुबाट भएको क्षति तथा राहतको विवरण स्थानीय तह अनुसार

| पालिका | आ.व.०७४।०७५ | | आ.व.०७५।०७६ | | आ.व.०७६।०७७ | | आ.व.०७७।०७८ | | आ.व.०७८।०७९ | | आ.व.०७८।०७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | राहत | संख्या | राहत | संख्या | राहत | संख्या | राहत | संख्या | राहत | संख्या | राहत |
| रूपा | १६ | १०५००० | १८ | ६०००० | ११ | १३३००० | १९ | २०१००० | १४ | ११०००० | १० | ६२००० |
| अन्नपूर्ण | ८ | ५०५०० | ८ | ६६१३२ | ९ | ११९००० | ६ | ११००० | १५ | १२१००० | १८ | १०८००० |
| मादी | २ | १२०० | ६ | ३४००० | ४ | ४०००० | २ | २०००० | ६ | ५६००० | २ | १२००० |
| पोखरा | २० | ९५५०० | १० | ९६००० | १८ | ११९०००० | २५ | ३२५००० | ५५ | ४८१००० | ३१ | २०८००० |
| माछापुच्छ्रे | ० | ० | ० | ० | १ | २०००० | ७ | ६०००० | २ | २०००० | १ | ८००० |